# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
कटहरी, मोरङ
Katahari, Morang

प.सं./Ltr. No.:
च.नं./Ref.No:

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


मिति :...............................

**बिषयः- हाटवजार सिलवन्दी दरभाउपत्र सम्बन्धी सार्वजनिक सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०३/०३ गते बुधवार)**

यस गाउँपालिकाको निर्णय अनुसार तपसिल बमोजिम आर्थिक वर्ष ०८३/०८४को लागि आन्तरीक कर संकलन गर्न निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले तोकिएको अवधिभित्र भाग लिनु हुनका लागि प्रथम पटक ७ दिने यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | न्युनतम अङ्क (भ्याटसहित) रु. | फारम दस्तुर (फिर्ता नहुने) रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति र समय | स्थान |
| KRM/R/SQ/04 /082/083 | वडा नं.१को कृषि बजार हटिया,(खसि बाख्रा पशु पंक्षि हटिया समेत) कटहरी-१ | ८८८८८८।- | १,०००।- | २०८३/०३/०९ गते कार्यालय समय सम्म । | २०८३/०३/१० गते १२:०० बजे सम्म । | २०८३/०३/१० गते २ :००बजे । | कटहरी गाँउपालिकाको कार्यालय |
| KRM/R/SQ/05 /082/083 | वडा नं.४को नयाँ बजार हटिया,कटहरी-४ | ८५५५५५।- | | | | | |
| KRM/R/SQ/06/082 /083 | वडा नं.५का सम्पुर्ण हटियाहरु,कटहरी-५ | ४५०००।- | | | | | |
| KRM/R/SQ/07/082 /084 | वडा नं.६का सम्पुर्ण हटियाहरु,कटहरी-६ | ५५,०००।- | | | | | |
| KRM/R/SQ/08 /082/083 | वडा नं.७का सम्पुर्ण हटियाहरु,कटहरी-७ | ७२,१००।- | | | | | |
| KRM/R/SQ/09 /082/083 | बुधहटिया-आईतवार बुधवार ठेक्का (खसि बाख्रा पशु पंक्षि हटिया बाहेक) | ३,०१०००।- | | | | | |
| KRM/R/SQ/१० /082/083 | दैनिक गुद्री बजार वडा नं. ३ | २०००००/- | | | | | |

प्रमुख प्रशासकीय अधिकृत




कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कटहरी, मोरङ्ग, कोशी प्रदेश, नेपाल, फोन नं.: ०२१-४०४१००
ईमेल: *kataharigaupalika@gmail.com, info@kataharimun.gov.np* वेबसाइट: *kataharimun.gov.np*



CamScanner

कटहरी गाउँपालिका
Katahari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
कटहरी, मोरङ
Katahari, Morang

प.सं./Ltr. No.:
च.नं./Ref.No:

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

मिति :...............................



## ठेक्का कबोलका लागि शर्तहरुः-

1. यो गोप्य शिलबन्दी दरभाउपत्रमा भाग लिनेले कबोल गरेको अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको गाँउपालिकाको धरौटी **खाता नं २११०१००३०३००००००२** मा जम्मा गरि सो को सक्कले भौचर शिलबन्दी दरभाउपत्रमा समावेश गर्नुपर्नेछ ।
2. प्रत्येक हटिया ठेक्काको छुट्टाछुट्टै शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । जसको मूल्याङ्कन पनि छुट्टाछुट्टै गरिनेछ।
3. फाराममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।
4. फारम खरिद गर्ने ब्यक्तिको हकमा लिखित निवेदन साथै नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीको हकमा दर्ता/नविकरण, आ.व.०८१/०८२ को करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।
5. ठेक्का अवधि आ.व. २०८३/०८४ को ठेक्का सम्झौता भएको मिति देखी असार मसान्त सम्मको लागि हुनेछ ।
6. म्याद नाघि र रित नपुगि प्राप्त फारम उपर कुनै कारवाही हुनेछैन ।
7. गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको ब्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।
8. गोप्य शिलबन्दी दरभाउपत्र स्वीकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको एकमुष्ट रकम नगद वा ४०% नगद जम्मा गरी बाँकी रकमको कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेछ । ठेक्का कबोल वापतको एकमुष्ठ रकम नगद जम्मा गरेमा प्रदेश कानुन बमोजिमको रकम छुट दिइने छ ।
9. बुधवार हटिया- आईतवार ठेक्का (खसि बाख्रा पशु पंक्षि हटिया बाहेक) हटियाको जग्गा व्यवस्थापन र जग्गा भाडा ठेकेदार स्वंमले गर्नु पर्ने छ ।
10. ठेक्का सम्झौता भएपछी बन्द हडताल चक्का जाम जस्ता कारण देखाई ठेक्का कर छुट वा मिनाहा को लागि दिइने निवेदन उपर कुनै कारवाही हुने छैन र छुट वा मिनाहा हुने छैन
11. नेपाल सरकार र गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।
12. करको दररेटहरु गाँउपालिकाले उपलब्ध गराएको (गाउँसभाबाट आ.व.२०८३/०८४) का लागि स्वीकृत दररेट अनुसार असुल उपर गर्नुपर्नेछ ।
13. ठेक्का कार्यान्वयनको अवधिभर खानेपानी, सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठेकेदारले ब्यहोर्नु पर्नेछ ।
14. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
15. अन्य जानकारिका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

**नोटः-** ठेक्का सम्बन्धी विस्तृत विवरण कटहरी गाउँपालिकाको Website: Kataharimun.gov.np मा हेर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत

शिक्षा कृषि उद्योग पूर्वाधार, समृद्ध कटहरीको मूल आधार
कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कटहरी, मोरङ्ग, कोशी प्रदेश, नेपाल, फोन नं.: ०२१-४०४१००
ईमेल: kataharigaupalika@gmail.com, info@kataharimun.gov.np वेबसाइट: kataharimun.gov.np

CamScanner